गोकुलगंगा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

रस्नालु, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :- २०८३/०८४
चलानी नं. :- ७२-०६

मिति :-२०८३/०५/१६
ने.सं.: ११४६

### विज्ञप्ति

मिति २०८३ भदौ १० गते रसुवा जिल्लाको भोटेकोशी नदी तथा तटीय क्षेत्रमा आएको बिनाशकारी बाढीका कारण ठूलो संख्यामा जनधनको क्षति भएको खबरले गोकुलगंगा गाउँपालिका परिवारलाई अत्यन्त मर्माहत र दुःखी बनाएको छ। उक्त भीषण प्राकृतिक विपद् मा परी ज्यान गुमाउनुहुने सम्पूर्ण नागरिकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछौं। साथै, बाढीका कारण घाइते हुनुभएका नागरिकहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै बेपत्ता हुनुभएकाहरूको शीघ्र खोज तथा उद्धारको कामना गर्दछौं। यस कठिन घडीमा बाढीबाट प्रभावित नागरिकहरूको खोज, उद्धार, राहत तथा पुनःस्थापनाका लागि ऐक्यबद्धता जनाउँदै गोकुलगंगा गाउँपालिकाको मिति २०८३/०५/१४ गते बसेको कार्यपालिका बैठकको निर्णयअनुसार देहायबमोजिमको सहयोग तथा राहत उपलब्ध गराउने निर्णय गरिएको व्यहोरा जानकारी गराइन्छः-

**१. प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एकमुष्ट सहयोगः-**

- गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट रु. १,००,०००/- (एक लाख)।
- गाउँपालिकाका सम्पुर्ण जनप्रतिनिधिहरुबाट मासिक प्रारिश्रमिकको १० प्रतिशत बापत हुन आउने रकम एकमुष्ट रु. ३९,३५०।— (अक्षरुपी रु. उनान्चालिस हजार तीन सय पचास रुपैयाँ) ।
- गाउँपालिका भुगोल भित्र कार्यरत सम्पुर्ण कर्मचारीहरू (शिक्षकहरु समेत) को तलब योगदानः-
  - अधिकृतस्तरका कर्मचारीहरू (उ.मा.वि. र मा.वि. स्तरका शिक्षकहरु समेत) बाट ७ (सात) दिनको तलब बराबर हुन आउने रकम रु. ५,६०,१५०।— (अक्षरुपी रु. पाँच लाख साठी हजार एक सय पचास रुपैयाँ) ।
  - सहायकस्तरका कर्मचारीहरू (नि.मा.वि. र प्रा.वि. स्तरका शिक्षकहरु समेत) बाट ५ (पाँच) दिनको तलब बराबर हुन आउने रकम रु. १३,७५,२९०।— (अक्षरुपी रु. तेह्र लाख पचहत्तर हजार दुई सय नब्बे रुपैयाँ) ।
  - श्रेणीविहीन तहका कर्मचारीहरू साथै विद्यालयहरुमा कार्यरत का.स.,बाल सहायक र लेखा कर्मचारीहरुबाट २ (दुई) दिनको तलब बराबर हुन आउने रकम रु. १,३१,७८०।— (अक्षरुपी रु. एक लाख एकत्तिस हजार सात सय असी रुपैयाँ) ।

***गाउँपालिका कोष र कर्मचारीहरूको पारिश्रमिक कट्टीबाट सङ्कलित एकमुष्ट रु. २२,०६,५७०/- (अक्षरुपी रु. बाईस लाख छ हजार पाँच सय सत्तरी रुपैया) प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा हस्तान्तरण गरिनेछ।***

**२. गाउँपालिका भित्रका प्रभावित तथा बेपत्ता नागरिकहरूका लागि राहत तथा उद्दार :-**

- **खोजतलास खर्चः** यस गाउँपालिका भित्रका बेपत्ता नागरिकको खोजतलास कार्यलाई सहज बनाउन पीडित परिवारलाई रु. २५,०००/- (पच्चीस हजार) का दरले तत्काल खर्च उपलब्ध गराइनेछ।
- **बेपत्ता नागरिकहरूको हकमाः** हालसम्मको जानकारी अनुसार सो प्रभावित ठाउँबाट यस गाउँपालिका भित्रका बेपत्ता भएका नागरिकहरू (श्री ईश्वरी ब. खड्का (कुमार), बेताली, श्री लि बहादुर वि.क. (राजु), बेताली, श्री सुरज श्रेष्ठ, बेताली, श्री सम्राट शेर्पा (प्रहरी), रस्नालु र अन्य) को यस गाउँपालिका तर्फबाट खोजी कार्यलाई तिब्र बनाउन सम्बन्धित निकायलाई अनुरोध गरिन्छ।

**प्राकृतिक विपद्को यस विषम परिस्थितिमा सबै तहका सरकार, सुरक्षा निकाय, सञ्चार जगत् र नागरिक समाजलाई एकीकृत रूपमा राहत, उद्धार र पुनःस्थापनामा जुट्न अपिल गर्दै गोकुलगंगा गाउँपालिका आफ्नो तर्फबाट हरसम्भव सहयोग गर्न प्रतिबद्ध रहेको स्पष्ट पार्दछौं।**

...................
दिनेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

...................
काजी बहादुर खड्का
अध्यक्ष

"शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार हाम्रो गाउँपालिका निर्माणको आधार"